ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ७** **नगरसभाबाट पारित मितिः २०८०।०९।२६**

**प्रमाणिकरणः २०८०।१०।१०**

**प्रकाशन मितिः २०८०।१०।११**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०९।२६ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगरपालिकाको खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०** पारित भइ प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## ठाकुरबाबा नगरपालिकाको खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०

**<u>प्रस्तावनाः</u>** ठाकुरबाबा नगरपालिकाको क्षेत्रभित्रको खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्द्धनमा सहयोग गर्न र वातावरणीय क्षेत्रमा असर नपर्ने गरी नगर क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा तथा स्लेटजस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनका विषयमा नेपालको संविधानको अनुसूची-८ को बुँदा नं. २१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को बुँदा नं. (प) को उपबुँदा नं. (१), (५), (६) र (७) र नेपालको संविधानको अनुसूची-९ को बुँदा नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) को बुँदा नं. (घ) को उपबुँदा नं. (२) र (३) ले गरेको व्यवस्थाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाको चौंधौ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) **"अनुगमन समिति"** भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन हुने अनुगमन तथा समन्वय समितिलाई सम्झनुपर्छ ।

(ख) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले यसै ऐनबमोजिम खानी तथा खनिज कार्य व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) **"उत्खनन् कार्य"** भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(घ) **"उद्योग"** भन्नाले कच्चा पदार्थको रूपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी/औजार/जडित उद्योगलाई सम्झनुपर्छ । सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(ङ) **"कार्यपालिका"** भन्लाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **"खनिज पदार्ध"** भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको गसायनिक सम्मिश्रणयुक्त अप्रांगारिक (अर्गानिक) पदार्थ सम्झनुपर्छ ।

(छ) **"खोज तलास कार्य"** भन्नाले खानी वा खनिज पदार्ध पत्ता लगाउन बा खनिज पदार्थको प्रकार गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवं सम्भाव्यता अध्ययन कार्य सम्झनुपर्छ ।

(ज) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लिखित क्षेत्र सम्झनुपर्छ ।

(झ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर र सङ्कलन वा उत्खनन् वा प्रशोधन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनुपर्छ ।

(ञ) **"ढुङ्गा र माटोजन्य पदार्थ"** भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, बगर वा खानी क्षेत्रबाट मापदण्डअनुसार सङ्कलन र उत्खनन् गर्दा निस्कने ढुङ्गा, बालुवा, माटो, पाङ्गो र मिस्कट समेतलाई सम्झनुपर्छ ।

(ट) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ठ) **"नदीजन्य पदार्थ"** भन्नाले नदी खोलाखाल्सी, खहरे, कुलो बाढी, बाढी पहिरो, नहर, कुलोले बगाई ल्याई नदी, खोल्सीको किनारा तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो तथा बहुमूल्य पत्थर, शीला, चुनढुङ्ग, स्लेट ढुङ्गा, दहत्तर बहत्तर, काठ दाउरा र नदीको बहावबाट बगी आउने वस्तु तथा पदार्थलाई सम्झनुपर्छ ।

(ड) **"नियम"** भन्नाले यसै ऐनबमोजिम बनाउने नियमावली तथा नियमहरूलाई सम्झनुपर्छ ।

(ढ) **"परिमाण"** भन्नाले घाटगद्दीमा रहेका नदीजन्य पदार्थको परिमाण सम्झनुपर्छ ।

(ण) **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले खानीजन्य वानदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन सम्बन्धी प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विश्लेष्णात्मक अध्ययन तथा मूल्याङ्कनसम्बन्धी प्रतिवेदन सम्झनुपर्छ । ।

(त) **"वातावरण अध्ययन"** भन्नाले प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनलाई सम्झनुपर्छ ।

(थ) **"वातावरण प्रभाव मूल्याङ्कन "** भन्नाले खानीजन्य वा नदीजन्य पदार्थ उत्खनन् तथ सङ्कलनसम्बन्धी प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कनसम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(द) **"व्यवसायी"** भन्नाले ऐनबमोजिम नदीजन्य पदार्थ उत्खनन्, संङ्कलन, घाटगद्दी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनुपर्छ ।

(ध) **"साधारण निर्माणमुखी खनिज पदार्थ"** भन्नाले ढुङ्गा, बालुवा, माटो र पाङ्गो समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुमतिसम्बन्धी व्यवस्था

३. **अनुमति पत्र लिनुपर्नेः** (१) अनुमतिबीना कसैले पनि खानी तथा खनिजजन्य पदार्थको उत्खनन्, ओसारपसार बिक्री वितरण तथा उपयोग गर्न पाइने छैन ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही साधारण निर्माणमुखी खनिज पदार्थको खनिज उत्खनन् कार्य गर्न चाहने व्यक्ति व्यवसायी वा फर्मले उत्खनन् कार्यको प्रस्तावित योजना सहित नगरपालिकाले तोकेबमोजिमको ढाँचामा खनिज कार्य गर्ने अनुमतिको लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) निवेदन माग गर्दा सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी निर्माण कार्यमा प्रयोगमा आउने साधारण ढुङ्गा, बालुवा, माटो र पाङ्गो जस्ता साधारण निर्माणमुखी खनिज पदार्थको खनिज उत्खनन् तथा व्यवस्थापन कार्यको लागि निवेदन गर्नुपर्नेछ ।

४. **सिफारिस समितिः** (१) उत्खनन् तथा सङ्कलनको लागि पर्न आएका निवेदनहरू जाँचबुझ गरी अनुमति सम्बन्धमा सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति गठन हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| नगर प्रमुखले तोकेको वडा अध्यक्ष एक जना | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| वातावरण ईन्जिनियर/निरीक्षक | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य |
| सर्वेक्षक/अमिन | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(२) सिफारिस समितिले अनुमति दिने नदिने सम्बन्धमा मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(३) उत्खनन् तथा सङ्कलनको लागि पर्न आएका निवेदन उपर जाँचबुझ गरी निवेदन प्राप्त भएको एक्काइस दिनभित्र नगरपालिकाले तोकिएबमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(४) सिफारिस समितिले बैठक सम्बन्धी कार्यविधि र सिफारिस सम्बन्धी ढाँचाहरू आफै तोक्न सक्नेछ ।

## परिच्छेद-३

## उत्खनन् तथा सङ्कलनसम्बन्धी व्यवस्था

**५. खानी तथा नदीजन्य पदार्थको सङ्कलन र उत्खननः** (१) खानी तथा नदीबाट ढुङ्गा, बालुवा, माटो र पाङ्गोजन्य पदार्थको सङ्कलन तथा उत्खनन् सम्बन्धी कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराई अनुमति प्राप्त भएपछि मात्र सङ्कलन तथा उत्खनन् कार्य गर्न सक्नेछ ।

(२) नगरपालिकाले ढुङ्गा, बालुवा, माटो र पाङ्गोजन्य पदार्थको उत्खनन् तथा सकंलन कुन क्षेत्रबाट कति गर्न सकिन्छ सो अनुसार वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी तोकिएको दरमा राजस्व लिई उत्खनन् तथा सङ्कलनको व्यवस्थापन गर्न सक्नेछ ।

(३) खानी तथा नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् अन्य स्थानीय तह, प्रदेश वा संघ सरकारको क्षेत्रभित्र पर्ने अवस्था भएमा संयुक्त सहमतिमा सङ्कलन र उत्खनन् व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ढुङ्गा, बालुवा, माटो र पाङ्गोको सङ्कलन र उत्खनन् कार्यको लागि ठेक्का वा अन्य कुनै व्यवस्था गरी कार्य गराउनुपूर्व वातावरण अध्ययन प्रतिवेदनसँग तादम्यता कायम गरी तोकेको प्रविधिबाट वातावरणीय चेक लिष्ट बनाई स्थलगत अध्ययन गराई स्रोतको उपलब्धताको आधारमा ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(५) वातावरणीय अध्ययन गर्ने क्रममा सम्बन्धित वडाका जनप्रतिनिधि, प्राविधिक र स्थानीय बासिन्दा समेतको रोहवरमा ढुङ्गा, बालुवा, माटो र पाङ्गोजन्य पदार्थको उत्खनन् तथा सङ्कलनका लागि प्रस्तावित स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चौकिल्ला निर्धारण गरी उत्खनन् विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर लगायत जानकारीमुलक सूचना बोर्ड राखी सार्वजनिक जानकारी गराउनुपर्नेछ ।

(६) खानी तथा नदीजन्य ढुङ्गा, बालुवा, माटो र पाङ्गो जन्य पदार्थको सङ्कलन, उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकी सोअनुसारको सूचना उत्खनन् स्थलमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(७) सङ्कलन र उत्खनन् गर्ने वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समिति र नगरपालिकाले अनुगमनका क्रममा दिएका निर्देशन पालना गर्नुपर्नेछ ।

तर सकंलन र उत्खनन् गरिएको खानी तथा नदीजन्य ढुङ्गा, बालुवा, माटो र पाङ्गो जस्ता पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी सञ्चय गर्न पाइने छैन ।

(८) नगरपालिकाको अनुमति लिई त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदन अनुसार मेशिनरी औजार तथा विधिहरूको प्रयोग गरी तोकिएको मापदण्ड र परिमाणमा सङ्कलन तथा उत्खनन् गर्न सक्नेछ ।

तर अनुमति पाएको अवस्थामा पनि वन, निकुञ्ज तथा अन्य संवेदनशील क्षेत्रबाट ढुङ्गा, बालुवा, माटो र पाङ्गो उत्खनन् गर्दा डोजर, स्काभेटर, लोडर जस्ता हेवी ईक्वीपमण्ट प्रयोग गर्न पाइने छैन ।

(९) उत्खनन् तथा सङ्कलनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६. <u>उत्खनन् तथा सङ्कलन कार्य गर्दा वातावरणमा प्रतिकुल असर पार्न नहुनेः</u> (१) खानी तथा नदीजन्य पदार्थ सङ्कलन कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ ।

(२) साथै त्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिएबमोजिमका बचाउका उपायहरू अपनाउनु पर्नेछ ।

(३) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन नगरपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर" भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने तोकिएबमोजिमको असर सम्झनुपर्छ ।

## परिच्छेद-४

## उत्खनन् कार्य तथा ओसारपसारसम्बन्धी शर्त

७. <u>उत्खनन् गर्दा पालना गर्नुपर्ने शर्तहरूः</u> उत्खनन् कार्यको अनुमतिपत्र पाउने व्यक्ति वा फर्मले उद्योग सञ्चालन तथा उत्खनन् कार्य गर्दा देहायबमोजिमका शर्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

(क) उत्खनन् कार्य गर्दा खनिज पदार्थको अधिकतम सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरी गर्नुपर्नेछ ।

(ख) उत्खनन् कार्य गर्दा वातावरणमा न्यूनतम प्रतिकूल प्रभावपर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्नुपर्नेछ ।

(ग) राष्ट्रिय तथा सार्वजनिकहित र सुरक्षाको निमित्त छुट्याईएका स्थानहरूमा र प्राचीन स्मारक, शहर, चिहान, मसानघाट, सार्वजनिक बाटो, घाट, बाँध, पैनी, पाईप लाईन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिर्जाघर, गुम्बा, घर, कारखाना इत्यादिबाट कम्तीमा पाँचसय मिटरभित्र उत्खनन् कार्य गर्न र त्यस्तो क्षेत्रमा घर, कारखाना वा गोदाम बनाउन पाइनेछैन।

(घ) अन्य उत्खनन् क्षेत्रको नजिकै उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त अन्य व्यक्तिलाई आफूले बनाएको बाटो र पानी घाट समेत उपयोग गर्न दिनुपर्नेछ ।

(ङ) खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नु पर्नेछ।

(च) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त भू-सतहको सीमाना बाहिर हुने गरी उत्खनन् कार्य नगर्ने र दुई वा दुईभन्दा बढी अनुमतिपत्रमा उल्लिखित सीमाना जोडिएको रहेछ भने अनुमतिपत्र प्राप्त व्यक्तिले सो सीमानाबाट पच्चीस मिटर छोडी खानी उत्खनन् कार्य गर्नुपर्नेछ ।

(छ) उत्खनन् कार्य गर्दा खोलेको टनेल खाल्टा ईत्यादिमा कुनै दुर्घटना हुन नपाउने गरी सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

(ज) उत्खनन् कार्य गर्दा कुनै दुर्घटना परेमा, कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले पाएको अनुमतिपत्र उल्लिखित क्षेत्रभित्र कसैको धन-सम्पत्तिको हानी नोक्सानी हुन गएमा वा हुन सक्ने सम्भावना देखिएमा सोको जिम्मेवारी अनुमति प्राप्त व्यक्तिको हुने हुँदा बर्दिया जिल्ला प्रशासन कार्यालय र नगरपालिकालाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(झ) खनिज क्षेत्रमा उत्खनन् कार्य सञ्चालन गर्दा सोको रेखदेख, नियन्त्रण आदिको लागि अनुमतिपत्र प्राप्त व्यक्ति स्वयं वा निजको प्रतिनिधि रहनु पर्नेछ ।

(ञ) खानी क्षेत्रमा कार्यालय खडा गरी सो कार्यालयमा आफूले पाएको अनुमतिपत्र स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(ट) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो खर्चमा खनिज क्षेत्रको सीमाना कायम गर्नुपर्नेछ ।

(ठ) आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा खनिज कार्यमा बाधा परी तीस दिन भन्दा बढी उत्खनन् कार्य बन्द वा रोकावट हुन गएमा नगरपलिकामा सूचना गर्नुपर्नेछ ।

(ड) अनुमतिपत्रको अवधि समाप्त भएमा वा उत्खनन् कार्य गर्ने अनुमतिपत्र रद्द गरी उत्खनन् कार्य बन्द गर्नु परेमा छ महिनाभित्र बन्द गरी आफ्नो सम्पूर्ण सामान सो क्षेत्रबाट हटाई खाल्टो र भासिएको जग्गा पुरैमा बार वा पर्खाल लगाउनु पर्ने भएमा बार वा पर्खाल लगाई त्यस क्षेत्रमा उपयुक्त पुनर्स्थापना कार्य गर्नुपर्नेछ ।

(ढ) प्रारम्भिक वातावरण परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लिखित वातावरणीय प्रभाव न्यूनीकरण कार्य योजना कार्यान्वयन गर्नु गराउनु पर्दछ ।

८. <u>जफत गर्न सक्ने</u>ः देहायको अवस्थामा नदीजन्य तथा खनिजजन्य पदार्थ नगरपालिकाले जफत गर्न सक्नेछः

(क) अनुमति नलिई उत्खनन् कार्य गरेमा ।

(ख) अनुमतिपत्र नपाएको क्षेत्रमा वा अनुमति लिएको भन्दा बढी परिमाणमा उत्खनन् र सङ्कलन गरेमा ।

(ग) अनुमतिपत्र लिई उत्खनन् र सङ्कलन गरेको व्यक्तिले आर्थिक वर्षको अन्तमा मौज्दात शून्य नगरी सञ्चय गरी राखेमा।

९. <u>ढुङ्गा, बालुवा, माटो र पाङ्गो पदार्थ उत्खनन् सम्बन्धी विशेष व्यवस्था</u>ः खानीजन्य र नदीजन्य पदार्थ उत्खनन् गर्दा देहायबमोजिम गर्नुपर्नेछः-

(क) खानीबाट ढुङ्गा, बालुवा, माटो र पाङ्गो पदार्थ उत्खनन् तथा सञ्चालन कार्य नगरपलिकाबाट जारी गरिएको नीति, नियम बमोजिम व्यवस्था गर्नुपर्नेछ ।

(ख) बीस रोपनीभन्दा कम क्षेत्रफल भएको निजी जग्गामा आफ्नो निजी प्रयोजनको लागि नगरपलिकाबाट अनुमति लिएर बाहेक व्यवसायिक तरिकाले खानीजन्य उद्योग संञ्चालन गर्न वा ढुङ्गा, बालुवा, माटो र पाङ्गो उत्खनन् प्रशोधन र बिक्री वितरण गर्न पाईने छैन ।

१०. <u>नदीजन्य र खानीजन्य पदार्थ ओसारपसारसम्बन्धी शर्तहरूः</u> (१) अनुमति प्राप्त गरी उत्खनन् गरी खानीजन्य पदार्थ लोड भएका सवारी साधनहरूले ढुवानी अवधिभर प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नुपर्नेछ ।

(२) ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनुपर्नेछ ।

(३) पटके आदेशमा उल्लिखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, सङ्कलन गरेको स्थान आदि) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको शर्त उल्लङ्घन भएको मानिनेछ ।

(४) खानी तथा नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसारपसार गर्ने समय नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(५) खानी तथा नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले सङ्कलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनुपर्नेछ ।

(६) मूल सडकबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन् गर्ने व्यक्तिक र ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(७) नदीजन्य र खानीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने र सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनुपर्नेछ ।

(८) नदीजन्य र खानीजन्य पदार्थको ओसारप्रसार गर्न निर्धारण गरिएका माथि उल्लिखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाबाट प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनुपर्नेछ ।

(९) नगरपालिका क्षेत्रबाट अर्को कुनै स्थानीय तहमा नदीजन्य र खानीजन्य पदार्थको ओसारपसार र ढुवानी गर्दा नियमानुसारको कुनै किसिमको थप, कर, शुल्क वा दस्तुर तिर्नुपर्ने भएमा सम्बन्धित व्यक्ति वा फर्मले नै तिर्नुपर्नेछ ।

(१०) नदीजन्य र खानीजन्य पदार्थको ओसारपसार लोड भएका सवारी साधनहरूले ढुवानी अवधिभर प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर नगरेमा र कुनैपनि तरिकाले उक्त कुरा पुष्टी हुन नसकेमा उक्त नदीजन्य र खानीजन्य पदार्थ जफत गरी आवश्यक कानूनी कारबाही गरिनेछ ।

## परिच्छेद- ५

## नामसारी, नवीकरण र खारेजी

**११. अनुमतिपत्रको अवधि र नवीकरणः** (१) उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्तिले उत्खनन् कार्यको सञ्चालन अनुमति प्राप्त गरेपछि प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र तोकिएबमोजिमको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ ।

(२) तोकिए बमोजिमको अवधीभित्र उत्खनन् कार्य सम्पन्न गर्न नसकिने भई अवधी थप गर्नुपर्ने भएमा उत्खनन् अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै अनुमति प्राप्त व्यक्तिले अवधि थपका लागि वार्षिक उत्पादन प्रगति विवरण सहित तोकिएको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) अवधि थपको लागि निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी मागबमोजिम अवधि थप गरी दिन मनासिब देखिएमा थप दस्तुर लिई अवधि थप गरिदिन सक्नेछ ।

(४) अनुमतिपत्र नवीकरण गर्नुपर्ने म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पूरा गरी अनुमतिपत्र नवीकरण गराउन चाहेमा नगरसभाले तोकेबमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गरिदिन सक्नेछ ।

(५) खानी उद्योगको वार्षिक नवीकरण गर्नुपूर्व कर चुक्ता प्रमाणपत्र, खानी सञ्चालनको अनुमतिपत्र साथै वातावरणीय अध्ययन प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्न लगाई नवीकरण हुन उपयुक्त देखिएमा मात्र नवीकरण हुनेछ ।

(७) तोकिएवमोजिम नवीकरण नगरी उत्खनन् कार्य गर्न गराउन पाउने छैन ।

**१२. अनुमतिपत्रको नामसारीः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिकाको पूर्वस्वीकृति नलिई आफूले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा नामसारी गरी दिन सक्ने छैन ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा त्यसरी नामसारी गरी लिन चाहने व्यक्ति तोकिए बमोजिमको योग्यता भएको प्रमाणसहित नगरपालिका समक्ष नामसारीको लागि निवेदन दिनुपर्नेछ ।

(३) निवेदन प्राप्त भएमा नगरपलिकाले त्यसरी नामसारी गरी लिन चाहने व्यक्ति वा फर्म योग्य भए नभएको आवश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र नामसारी गर्ने नगर्ने विषयमा निर्णय गरी सक्नुपर्नेछ ।

**१३. अनुमति पत्रको खारेजीः** अनुमतिपत्र देहायको अवस्थामा खारेजी हुनेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) उत्खनन् तथा सङ्कलनको लागि दिइएको अनुमतिपत्र निवेदक आफैले वा निजको प्रतिनिधिले तीस दिनभित्र बुझी नलिएमा ।

(ग) तोकिएको समयावधिभित्र नवीकरण नगराएमा ।

(घ) सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेमा ।

(ङ) यस ऐनबमोजिम तोकिएको रोयल्टी, बाटो मर्मत तथा अन्य शुल्क, दस्तुर, भूबहाल आदि यस ऐनमा तोकिएको समयभित्र नबुझाएमा ।

(च) यस ऐनबमोजिम पेश गर्नुपर्ने विवरण, प्रतिवेदन, सूचना तोकिएको समयभित्र पेश नगरेमा ।

(छ) अनुमतिको शर्त पालना नगरेको कारणले तीन पटक भन्दा बढी नगरपालिकाले कारबाही गरेको भएमा ।

(ज) यस ऐनबमोजिम तोकिएको शर्तहरूको पालना नगरेमा ।

(झ) अनुमतिपत्रको अवधि समाप्त भएमा ।

## परिच्छेद- ६

## अनुगमन सम्बन्धी व्यवस्था

**१४. अनुगमन समितिः** खानीहरू तोकिएको शर्त र अनुमति बमोजिम सञ्चालन भए नभएको अनुगमन गर्न उप-प्रमुखको संयोजकत्वमा देहाय बमोजिम सदस्य भएको सात सदस्यीय एक खानी अनुगमन समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| क) उप-प्रमुखः | संयोजक |
| ख) वन तथा वातावरण समितिको संयोजकः | सदस्य |
| ग) सम्बन्धित वडाको वडा अध्यक्षः | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| ङ) प्रशासन शाखा प्रमुखः | सदस्य |
| च) सर्वेक्षक/अमिनः | सदस्य |
| छ) वातावरण ईन्जिनियर/निरीक्षक वा सोसँग सम्बन्धित शाखाको प्रमुख | सदस्य-सचिव |

**१५. अनुगमन समितिको काम कर्तव्य र अधिकारः** अनुगमन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अनुगमन समितिले ढुङ्गा, बालुवा, माटो र पाङ्गो व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी आवश्यक कदम चाल्न र निर्देशन दिन सक्नेछ ।

(ख) ढुङ्गा, बालुवा, माटो र पाङ्गो उत्खनन् कार्य प्रारम्भ भइसकेपछी यस ऐनबमोजिम भए नभएको नियमित अनुगमन गर्न सक्नेछ ।

(ग) नदीजन्य र खानीजन्य ढुङ्गा, बालुवा, माटो र पाङ्गो जस्ता पदार्थको अनुगमन गर्दा चेक लिष्ट तयार गरी प्रयोग गर्नुपर्नेछ ।

(घ) सङ्कलन, उत्खनन् तथा ओसापसारका शर्तहरूको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेला अनुगमन गर्ने अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(ङ) उत्खनन् तथा ओसारपसारका लागि यस ऐनमा गरिएको सबै व्यवस्थाको परिपालना भए नभएको, निषेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् गरेको, अन्य सरकारी सार्वजानिक जग्गामा चोरी उत्खनन् भएको, खानी तथा नदीजन्य पदार्थको राजश्व छली हुने अवस्था रहेको, अनुमति बेगर भारी यान्त्रिक औजारको प्रयोग गरेको लगायतका विषयमा अनुगमन गरी आवश्यक कारबाहीका लागि नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) ढुङ्गा, बालुवा, माटो र पाङ्गोलगायत खानी तथा नदीजन्य पदार्थको बजार मूल्य नियमन गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् लागत समेत ध्यान दिई अनुगमन समितिले अधिकतम बिक्री दररेट हेरफेर तथा निर्धारण गरी बजार नियमन कार्य गर्नुपर्नेछ र सोको प्रचारप्रसार समेत गर्न सक्नेछ ।

(छ) अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसारपसार गरेको पाइएमा त्यस्ता सङ्कलनकर्ता,उत्खनन् र ढुवानीकर्तालाई जरिवाना गर्न नगर प्रमुख समक्ष सिफारिस गर्नेछ ।

(ज) वार्षिक राजश्व सङ्कलन तथा ठेक्का व्यवस्थालाई प्रभावकारी बनाउन ढुङ्गा, बालुवा, माटो र पाङ्गोको सङ्कलन मौज्दात आर्थिक वर्षको अन्तमा शून्य गर्न लगाउनु पर्नेछ ।

(झ) ढुङ्गा, बालुवा, माटो र पाङ्गोको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित भएको हकमा सोही बमोजिम र उल्लिखित नभएको हकमा नगरपालिकाको अनुमति बेगर एक्साभेटर, डोजरलगायतका हेभी औजारको प्रयोग पूर्ण रूपमा बन्देज गराउन सक्नेछ ।

(ञ) ठेक्का सम्झौताका शर्तहरू पालना नभएको अवस्थामा जरिवाना तोक्न नगरपालिका वा नगरसभालाई सिफारिस गर्न सक्नेछ ।

(ट) यो ऐन बमोजिम शर्तहरू पालना नगर्ने खानी उद्योगहरू तुरून्त बन्द गर्न सिफारिस गर्न सक्नेछ ।

(ठ) अनुगमनको क्रममा कुनै क्षेत्रको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित भएबमोजिमको उत्खनन् योग्य परिमाण उत्खनन् भइसकेको पाइएमा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् गर्ने कार्य बन्द गर्न सिफारिस गर्न सक्नेछ ।

(२) खनिज पदार्थ संरक्षण र उपयोग सम्बन्धी प्रदेश र संघको कानून तथा मापदण्डको पालना गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

(३) अनुगमन समितिको अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) अनुगमन समितिले अनुगमन सम्बन्धी चेकलिष्ट, प्रतिवेदन, बैठक लगायतका आवश्यक विषयहरूमा आफै कार्यविधि निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद- ७

## दण्ड जरिवाना

१६. **दण्ड जरिवानाः** (१) यस ऐन विपरीत कार्य गर्नेलाई कसुरको मात्रा हेरी अनुगमन समितिको सिफारिसका प्रमुख प्रशासकीय अधिकृतले दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्दा सम्बन्धितलाई सफाइको मौका दिनुपर्नेछ ।

१७. **पुनरावेदनः** नगर प्रमुखले दफा १६ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद- ८

## विविध

१८. **खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न अनुसन्धान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी नगरपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

१९. **समीक्षा तथा मूल्याङ्कनः** (१) प्रत्येक वर्ष नगरपालिकाले आफूले दिएको अनुमतिपत्रको समीक्षा गर्नेछ ।

(२) समीक्षा तथा मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. **स्थानीय विकास शुल्क तथा रोयल्टीः** अनुमति प्राप्त व्यक्तिले नगरपालिकालाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा नगरपालिकाले तोकेको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउन पर्नेछ ।

२१. **धरौटी राखुपर्नेः** यस ऐन बमोजिम अनुमति प्राप्त व्यक्तिले उत्खनन् कार्य गर्दा प्रचलित आर्थिक कानून तथा मापदण्डहरूले तोके बमोजिमको धरौटी राखुपर्नेछ ।

२२. **"तोकिएको" वा "तोकिएबमोजिम" हुनेः** यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ।

२३. **निजी जग्गामा रहेको नदीजन्य तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलनको अनुमति लिनुपर्नेः** (१) यस नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिको निजी जग्गामा रहेको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो,

ठाकुरबाबा नगरपालिकाको खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०

बहुमूल्य पत्थर, शीला, चुनढुङ्गा, स्लेट ढुङ्गाको उत्खनन् तथा सङ्कलनको कार्य वातावरणमा वा सँधियारहरूलाई उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पर्ने गरी गर्न पाइने छैन ।

(२) निजी जग्गाको जग्गाधनीले नदीजन्य तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलनको कार्य गर्दा नगरपालिकाको अनुमति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई उत्खनन् तथा सङ्कलन गरिएको नदीजन्य तथा माटोजन्य पदार्थमा नगरपालिकाले राजश्व सङ्कलन गर्नेछ ।

**२४. <u>नियम बनाउन सक्ने</u>:** नगरपालिकाले यस ऐनलाई कार्यान्वयन गर्ने आवश्यकता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**२५. <u>बचाउः</u>** (१) यसअघि भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा उल्लिखित नभएको विषयका सम्बन्धमा असल नियतका साथ कार्यान्वयन गरेको विषयलाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन वा यस अन्तर्गत बनेका कानूनहरूमा उल्लिखित विषयहरूमा वा उल्लिखित नभएका विषयहरूमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाउन सक्नेछ ।

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०